# CBHC



## सामुदायिक व्यवहारजन्य स्वास्थ्य केन्द्र (CBHC) भनेको के हो ?

सामुदायिक व्यवहारजन्य स्वास्थ्य केन्द्रहरू भनेको सर्वसाधारणहरूलाई मानसिक स्वास्थ्य र लागूपदार्थ सेवन सम्बन्धी आवश्यकताहरूमा मद्दत प्राप्त गर्नका लागि सहज बनाउन म्यासाचुसेट्समा सुरु गरिएको नयाँ पहलको एक हिस्सा हो। यो कार्यक्रम म्यासाचुसेट्स व्यवहारजन्य स्वास्थ्य सुधार रोडम्याप र विभिन्न व्यवहारजन्य स्वास्थ्य उपचारमा पहुँच सुधार गर्ने प्रतिबद्धता कार्यान्वयनको एक मुख्य कोशेढुङ्गा हो।

मानसिक स्वास्थ्य तथा लागूपदार्थ सेवन सम्बन्धी सेवाहरू आवश्यक पर्ने व्यक्तिहरूले CBHC स्थानमा समयानुकुल, गुणस्तरीय र प्रमाणमा आधारित सेवा पाउन सक्ने छन्। यसमा नियमित परामर्श, आकस्मिक भ्रमण र 24/7 समुदायमा आधारित सङ्कटकालीन सेवाहरू पर्दछन्।

## CBHC सेवाहरू कसले प्रयोग गर्न सक्छ ?

म्यासाचुसेट्सका सबैजनाले CBHC सेवाहरू प्रयोग गर्न सक्छन्। कसैलाई पनि सेवा प्रदान नगरी फर्काइने छैन। कार्यक्रमहरूले सबै उमेरका मानिसहरू - बालबालिका, किशोरकिशोरी र वयस्कहरूलाई सेवा प्रदान गर्ने छन्।

### कोही सङ्कटमा छ भने मैले के गर्नुपर्ला ?

**CHA एक्सेस तथा क्राइसिस लाइन 833-222-2030 मा कल गर्नुहोस्।** कोही प्रशिक्षित कर्मचारी सदस्यले तपाईंलाई मद्दत गर्ने छन् र तपाईंले व्यवहारजन्य स्वास्थ्य सेवामा पहुँच प्राप्त गर्न सक्ने कुरा सुनिश्चित गर्ने छन्।

**CBHC को एक हिस्साको रूपमा, CHA ले हाम्रा समुदायहरूमा 24/7 मोबाइल सङ्कट सेवाहरू** प्रदान गर्दै आएको छ। हाम्रा व्यवहारजन्य स्वास्थ्य चिकित्सकहरूले मानिसहरूसँग फोन मार्फत कुरा गर्ने छन् वा मानिसहरूलाई उनीहरूको घर, विद्यालय वा हाम्रो क्याम्ब्रिज अस्पतालको व्यवहारजन्य स्वास्थ्य आकस्मिक सेवा केन्द्र र माल्देन केयर सेन्टर लगायत अन्य सार्वजनिक स्थानहरूमा भेटेर परामर्श प्रदान गर्ने छन्। यसले गर्दा हामी सङ्कटमा परेका मानिसहरूको जाँच गर्न, उनीहरूका आवश्यकताहरूको मूल्याङ्कन गर्न र उनीहरूलाई सेवा केन्द्रहरूसम्म जोडिदिन सक्छौं। मोबाइल सङ्कटकालीन सेवाहरूका लागि सामान्यतया 1 घण्टामा प्रतिक्रिया दिइन्छ।

चिकित्सकीय हिसाबले आपत्कालिन अवस्थामा, कृपया 911 मा कल गर्नुहोस्।

## अन्य CBHC सेवाहरूमा के-के उपलब्ध छन् ?

**24/7 फोन लाइन** (833-222-2030) मा व्यवहारजन्य स्वास्थ्य सङ्कटमा परेका मानिसहरूका आवश्यकतालाई सम्बोधन गर्नुका साथै यस क्षेत्रमा उपलब्ध व्यवहारजन्य स्वास्थ्य सेवाहरूको बारेमा जानकारी प्रदान गरिन्छ।

CHA ले 1493 क्याम्ब्रिज स्ट्रिट, क्याम्ब्रिजमा अवस्थित क्याम्ब्रिज अस्पताल र CHA माल्देन केयर सेन्टरमा नयाँ वाक-इन (अपोइन्टमेन्ट लिनुनपर्ने) व्यवहारजन्य स्वास्थ्य एक्सेस/आकस्मिक हेरचाह सेवा केन्द्रहरू पनि सञ्चालन गरेको छ।

अन्य सेवाहरूमा अतिरिक्त दौँतरी सहायता समूह, परिष्कृत सेवा व्यवस्थापन र रिकभरी कोचहरू लगायतका सेवाहरू पर्दछन्।

अर्कोपट्टि पल्टाउनुहोस्

# CBHC



### मेरो पहिले नै व्यवहारजन्य स्वास्थ्य प्रदायक छ भने के गर्ने ?

तपाईंले अझै पनि जानकारी, सहयोग र सेवामा पहुँच प्राप्त गर्न CBHC सेवाहरू प्रयोग गर्न सक्नुहुन्छ। यसमा **833-222-2030** डायल गरी एक्सेस तथा क्राइसिस लाइनमा कल गर्ने वा क्याम्ब्रिज अस्पतालमा वा CHA माल्देन केयर सेन्टरमा व्यवहारजन्य स्वास्थ्य पहुँच/आकस्मिक हेरचाह सेवा प्रयोग गर्ने लगायत पर्दछन्। तपाईंको निरन्तर सेवाको एक हिस्साको रूपमा, तपाईंलाई तपाईंको नियमित व्यवहारजन्य स्वास्थ्य प्रदायककहाँ फिर्ता पठाउन सकिन्छ।

### यसमा कुनै खर्च लाग्छ कि ?

व्यवहारजन्य स्वास्थ्य सङ्कटकालीन सेवाहरूलाई सबै स्वास्थ्य बिमा योजनाले कभर गर्दछन् र बिमा कभरेज नभएका व्यक्तिहरूलाई पनि यी सेवाहरू उपलब्ध छन्। बिमा नगरेका व्यक्तिहरूका लागि, यी सेवाहरू MassHealth (मासहेल्थ) द्वारा कभर गरिन्छ।

CBHC द्वारा उपलब्ध गराइने धेरैजसो बहिरङ व्यवहारजन्य स्वास्थ्य सेवाहरू स्वास्थ्य बिमाद्वारा कभर गरिन्छ। तपाईंले 833-222-2030 डायल गरी एक्सेस तथा क्राइसिस लाइनमा कल गरेर थप जानकारी अनुरोध गर्न सक्नुहुन्छ।

### CBHC किन महत्त्वपूर्ण छ ?

विगत केही वर्षदेखि मानसिक स्वास्थ्य तथा लागूपदार्थ सेवन सम्बन्धी आवश्यकताहरूको हेरचाह पाउन धेरै गाह्रो हुँदै गएको छ। धेरै मानिसहरू हेरचाह नपाई फर्केका छन् र उनीहरूको स्वास्थ्यमा असर परेको छ। अरूहरूले सङ्कट पर्दा मानसिक स्वास्थ्य सेवाका लागि आकस्मिक विभागहरूको मद्दत लिएका छन्। यसले अस्पतालमा भीडभाड बढ्ने र मानसिक स्वास्थ्य समस्याहरूका लागि अपेक्षा गरेभन्दा न्यूनस्तरको सेवा पाउने समस्या निम्त्याएको छ।

सामुदायिक व्यवहारजन्य स्वास्थ्य केन्द्र मोडेलले विशेष गरी सङ्कटमा परेका मानिसहरूलाई थप पहुँच प्रदान गरेर मानसिक स्वास्थ्य सेवा सुधार गर्ने लक्ष्य राखेको छ।

### मेरो नजिकै अन्य CBHC हरू छन् कि ?

छन्। म्यासाचुसेट्सभरि 25 वटा CBHC हरू छन्।

क्याम्ब्रिज हेल्थ एलायन्स मेट्रो बोस्टन क्षेत्रका लागि तोकिएका CBHC साइटहरूमध्ये एउटा केन्द्रमात्र हो। CHA को सेवा क्षेत्र क्याम्ब्रिज, सोमरभिल, एभरेट, माल्देन र मेडफोर्ड हुन्।

अन्य स्थानीय समुदायहरूमा सेवा प्रदान गर्ने अन्य CBHC साइटहरू छन्:

**नर्थ सफोल्क CBHC 888-309-1989**

14 पोर्टर स्ट्रिट, इस्ट बोस्टन

यसले चेल्सी, रिभेयर, इस्ट बोस्टन, विन्थ्रोप र चार्ल्सटाउनमा सेवा प्रदान गरिरहेको छ

**बोस्टन मेडिकल सेन्टर CBHC 800-981-4357**

850 ह्यारिसन एभेन्यु, बोस्टन

यसले बोस्टन, ब्राइटन, ब्रुकलाइनमा सेवा प्रदान गरिरहेको छ

CHA Cambridge Health Alliance

GR24_136